जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १७८ ❑ २०८३ असार २४ गते बुधबार ❑ Wednesday, 8 July, 2026 ❑ मूल्य ७ /-




राजनीति माथिको विश्वासमा टुटेका आशाहरु (३)

✍ ओमप्रकाश गौतम


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०


## सर्पको डसाइबाट महिलाको मृत्यु

**दमक/** झापाको कमल गाउँपालिकामा खाना पकाउँदै गरेकी एक महिलाको विषालु कोब्रा सर्पको डसाइबाट मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार सोमबार साँझ कमल गाउँपालिका-३ निवासी ४० वर्षीया सरस्वती मगर लिम्बूलाई आफ्नै भान्सा कोठामा खाना पकाउने क्रममा कोब्रा सर्पले डसेको थियो ।

सर्पले डसेपछि तत्काल उपचारका लागि नेपाल रेडक्रस सोसाइटी दमक स्थित सर्पदंश उपचार केन्द्रमा लगिएको थियो । उपचार हुन नसकेपछि उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

## मल आयात

**दमक/** कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले हालसम्म ५ लाख १२ हजार मेट्रिक टन मल बिक्री वितरण भइसकेको बताएकी छन् ।

मन्त्री चौधरीले असार १९ गतेसम्म ५ लाख ५८ हजार मेट्रिक टन मल आयात भई विगतको मौज्दात समेत गरी हालसम्म ५ लाख १२ हजार मेट्रिक टन मल बिक्री वितरण भइसकेका जानकारी दिइन् । हाल ९५ हजार मेट्रिक टन मल मौज्दात रहेको र जीटुजी प्रक्रिया मार्फत थप ५० हजार मेट्रिक टन मल चाँडै आपूर्ति हुने क्रममा रहेकाले पनि उनले बताइन् ।

## झापामा डेंगुबाट एक बालकको मृत्यु

**दमक/** झापामा डेंगु रोगको संक्रमण बढ्दै गएको छ । जिल्ला स्वास्थ्य कार्यालय झापाका अनुसार चालू आर्थिक वर्षमा एक बालकले डेंगुकै कारण ज्यान गुमाएका छन् । झापाको झापा गाउँपालिका ६ का १० वर्षीय बालकको डेंगु सङ्क्रमणका कारण मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

चालु आर्थिक वर्षमा झापामा ६ सय १ जनामा डेंगुको संक्रमण फेला परिसकेको छ । जिल्लाका १५ पालिकामध्ये दमक र बिर्तामोडमा डेंगुको संक्रमण उच्च रहेकाले बाँकी ४ पेजमा ▸▸

## हेटौँडा कपडा उद्योगको परिक्षण उत्पादन

**दमक/** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारीले सैनिक सामग्री उत्पादन निर्देशनालयमार्फत हेटौँडा कपडा उद्योगमा परीक्षण उत्पादन भइरहेको बताउनुभएको छ ।

राष्ट्रियसभाको आजको बैठकमा विनियोजन विधेयक, २०८३ अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको विनियोजन शीर्षकमाथि बाँकी ४ पेजमा ▸▸

### पूर्वी पहाडमा पहिरोको जोखिम कायमै

# झापा र मोरङमा डुबानको त्रास

✍ बिमल लामिछाने

**दमक/** मनसुनको सुरुवाती चरणमै पूर्वी नेपालका पहाडी जिल्लामा पहिरो र तराइका जिल्लाहरूमा बाढीले ठुलो धनजनको क्षति पुऱ्याएको छ । जेठको अन्तिम सातादेखि सक्रिय भएको वर्षाका कारण कोशी प्रदेशका इलाम, पाँचथर, झापा र संखुवासभा लगायतका जिल्लाहरूको जनजीवन पूर्ण रूपमा अस्तव्यस्त बनेको छ ।

गृह मन्त्रालय र सुरक्षा निकायले सार्वजनिक गरेको पछिल्लो विवरण अनुसार यस वर्ष मनसुनको पहिलो लहरमै पूर्वी पहाडमा ठुलो मानवीय र भौतिक क्षति पुगेको छ ।

तथ्यांक अनुसार इलाम जिल्लाका विभिन्न स्थानमा गएको विनाशकारी पहिरोका कारण दर्जनौँ परिवार विस्थापित भएका छन् भने ठुलो परिमाणमा कृषि योग्य जमिन र भौतिक संरचना नष्ट भएको छ ।

पहाडी जिल्लाहरूको मुख्य लाइफलाइन मानिने मेची राजमार्गका ८० भन्दा बढी स्थानमा साना-ठुला पहिरो खसेका छन् । विशेष गरी इलामको राजदुवाली, बिब्ल्याँटे, पुवाखोला, राँके र नेपालटार खण्डमा सडकमाथिबाट लेदोसहितको पहिरो खस्दा सडक सञ्जाल पूर्ण रूपमा विच्छेद भएको थियो । सडक विभाग र सुरक्षा निकायको निरन्तरको प्रयासपछि असारको मध्यसम्म आइपुग्दा राजदुवाली लगायतका केही क्षेत्रमा सडक एकतर्फी मात्र खुलाउन सकिएको छ ।

यस्तै मेची राजमार्ग अवरूद्ध भएपछि पाँचथर र ताप्लेजुङमा उपभोग्य सामग्री र इन्धनको संकट देखिएको छ । मध्यपहाडी लोकमार्ग अन्तर्गत पाँचथरको याङवरकस्थित दोभानमा बाढीले सडक बगाएपछि यातायात ठप्प भएको थियो । फिदिम-याङनाम-फलौट खण्डको फेमे खोलामा अस्थायी काठे पुल निर्माण गरि आवागमन सुचारू गरिएको छ । राजमार्ग ठप्प हुँदा फिदिम बजारका पेट्रोल पम्पहरूमा इन्धनको हाहाकार मच्चिएको छ भने दैनिक उपभोग्य वस्तुको मूल्य वृद्धि हुन थालेको छ । पहाडमा भइरहेको वर्षाका कारण झापाका कन्काई, बिरिङ, मावा र रतुवा नदीहरूमा पानीको सतह बढेको छ । जेठको अन्तिम र असारको पहिलो हप्ता झापाका नदी किनारका बस्तीहरूमा पानी पसेपछि स्थानीय प्रशासनले उच्च सतर्कता अपनाउन आग्रह गरेको थियो । यो अवधिमा बाढीको बीचमा अलपत्र परेका ७ जना स्थानीय नागरिकहरूलाई नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयको संयुक्त टोलीले सकुशल उद्धार गर्न सफल भएको छ । यसैबीच, जल तथा मौसम विज्ञान महाशाखाले विशेष बुलेटिन जारी गर्दै झापा, मोरङ र सुनसरी सहित पूर्वी तराईका १२ जिल्लालाई 'रेड जोन' मा राख्दै भारी वर्षा र डुबानको उच्च जोखिम रहेकाले सतर्क रहन चेतावनी दिएको छ । बाँकी ४ पेजमा ▸▸

## कोशीका जिल्लामा सतर्कता अपनाउन आग्रह

**दमक/** देशका पहाडी र हिमाली भूभागका केही स्थानमा चट्याङसहित मध्यम वर्षा र कोशी प्रदेशको पहाडी र तराई भूभागको थोरै स्थान तथा मधेस प्रदेशका साथै गण्डकी प्रदेशको पहाडी र तराई भूभागको एक-दुई स्थानमा यो साता भारी वर्षाको सम्भावना रहेकोले सतर्कता अपनाउन मौसम पूर्वानुमान महाशाखाले आग्रह गरेको छ। हाल देशभर मनसुनी वायुको प्रभाव रहेको र मनसुनको न्यून चापीय रेखा नेपालको पूर्वी भूभागतर्फ सरदर भन्दा दक्षिणमा र पश्चिमी भूभागतर्फ सरदर स्थानको आसपास अवस्थित रहेको महाशाखाले जनाएको छ। जसको प्रभावले हाल कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेश तथा कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली भूभागमा सतर्कता अपनाउन आग्रह गरिएको छ।

### गृहमन्त्रीले खोसे डीएसपीको मोबाइल

# सीडीओसमेत अनुसन्धानको दायरामा



**दमक/** नाकामा देखिएको तस्करीको जालो र त्यसमा प्रहरी प्रशासनको प्रत्यक्ष संलग्नता रहेको आरोप स्थानीयले लगाएसँगै गृहमन्त्री गुरूङले इलाका प्रहरी काँकडभिट्टाका डीएसपी निशेष चापागाईं र सशस्त्र प्रहरी बल, बोर्डर आउट पोष्टका डीएसपी विकास थापाको मोबाइल नियन्त्रणमा लिएका छन् ।

यो घटनाले अहिले सुरक्षा निकायमा ठूलो हलचल पैदा गरिदिएको छ । डीएसपी चापागाईंसहित नेपाल प्रहरीका ५ र सशस्त्र प्रहरीका डीएसपी थापासँगै ६ जना गरी कूल ११ जना सुरक्षाकर्मीमाथि तस्करीमा सहयोग गरेको र आर्थिक लाभ लिएको आरोपमा छानबिन शुरु भएको गृहमन्त्रालयको सूचना विभागले जनाएको छ । बाँकी ४ पेजमा ▸▸

## नेपाल-एडीबी साझेदारी विस्तारमा जोड

**दमक /** प्रधानमन्त्री वालेन्द्र शाह र एसियाली विकास बैंक (एडीबी)का अध्यक्ष मासातो कान्डाबीच बुधबार भएको शिष्टाचार भेटमा नेपाल-एडीबीबीचको विकास साझेदारीलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको छ । दुवै पक्षले जलविद्युत्, पर्यटन, डिजिटलाइजेसन र पूर्वाधार विकासमा सहकार्य विस्तार गर्ने प्रतिबद्धता जनाएका छन् । प्रधानमन्त्री शाहले सुशासन, पारदर्शिता र सुधारमार्फत नेपालको विकासले नयाँ गति लिने विश्वास व्यक्त गरेका थिए । उनले जलविद्युत् र पर्यटनलाई अर्थतन्त्रको प्रमुख आधारका रूपमा अघि बढाउने तथा डिजिटल पूर्वाधार र पर्यटकीय सडक निर्माणमा सहकार्य आवश्यक रहेको बताए ।

एडीबी अध्यक्ष कान्डाले नेपालमा विकास सहयोग अझ विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्दै आर्थिक विकास र समृद्धिका लागि एडीबी दीर्घकालीन साझेदारका रूपमा निरन्तर साथ रहने बताए । उनले नेपालको आर्थिक सम्भावना, युवा नेतृत्व र सुधारप्रतिको प्रतिबद्धताको प्रशंसा गर्दै बाँकी ४ पेजमा ▸▸

# घरजग्गा कारोबार सुधारोन्मुख

**दमक/** केही समयदेखि सुस्त रहेको घरजग्गा बजारमा पुनः सुधारको संकेत देखिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमाससम्बन्धी प्रतिवेदनअनुसार देशभर घरजग्गा कारोबार, कारोबार रकम, राजस्व संकलन र बैंक कर्जामा उल्लेख्य वृद्धि भएको छ ।

पूर्वका झापा, मोरङ र सुनसरीमा पनि पछिल्ला महिनाहरूमा घरजग्गा किनबेच बढ्दै गएको व्यवसायीहरू बताउँछन् । राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा देशभर घरजग्गा कारोबार संख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.४२ प्रतिशतले बढेको छ । कारोबार रकम झन्डै एक खर्ब ७ अर्ब रूपैयाँबाट बढेर एक खर्ब ८३ अर्ब ९० करोड रूपैयाँ पुगेको छ । घरजग्गा कारोबारबाट प्राप्त हुने राजस्व २३.७२ प्रतिशत र पूँजीगत लाभकर ३१.४२ प्रतिशतले बढेको छ । आवासीय घरजग्गालगायत क्षेत्रमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जा पनि ५.५५ प्रतिशतले वृद्धि भएको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ ।

पूर्वी नेपालका घरजग्गा व्यवसायीका अनुसार झापाको बिर्तामोड, दमक, भद्रपुर, मोरङको विराटनगर, बेलबारी तथा सुनसरीको इटहरी, इनरूवालगायत क्षेत्रमा पछिल्लो समय जग्गा किनबेच बढ्न थालेको छ । बैंकको ब्याजदर घट्नु, कर्जाको पहुँच सहज बन्दै जानु र बजारमा लगानीकर्ताको मनोबल फर्किनुले कारोबारमा सुधार आएको उनीहरूको भनाइ छ ।

झापा, मोरङ र सुनसरी पछिल्ला केही वर्षदेखि नै देशका सबैभन्दा बढी घरजग्गा कारोबार हुने जिल्लामध्ये पर्दै आएका छन् । मालपोत कार्यालयमा लिखत पारित हुने संख्याका आधारमा इनरूवा, बेलबारी, विराटनगर, दमक र भद्रपुर कार्यालयहरू नियमित रूपमा अग्रस्थानमा रहँदै आएका छन् । बाँकी ४ पेजमा ▸▸

# भाउजूको हत्या आरोपमा देवर पक्राउ

***बेलवारी/*** *मोरङको ग्रामथान गाउँपालिका-६ झोवाबनीमा आ ँनै भाउजूको खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा एक युवक पक्राउ परेका छन् । जिल्ला प्रहरीका अनुसार २१ वर्षीय सौचन राजवंशीले सोमबार राति २० वर्षीया भाउजू सीमा राजवंशीको घरको आँगनमै खुकुरी प्रहार गरी हत्या गरेका हुन् । हत्यापछि उनले शव शौचालयनजिक लगेर फालेका थिए ।*

*घटना रोक्न खोज्ने उनका ठूलोबुवा शिवलाल खवास घाइते भएका छन् । उनको स्थानीय मेडिकलमा उपचार भइरहेको छ । प्रहरीले आरोपी सौचनलाई नियन्त्रणमा लिएको जनाएको छ । हत्याको कारण खुल्न नसकेको र घटनाबारे थप अनुसन्धान भइरहेको छ । मृतकका पति कपिल खवास काठमाडौंमा रहेका प्रहरीले जनाएको छ ।*

## हिमाविमा निःशुल्क दन्त परीक्षण सम्पन्न



**दमक/** झापाको दमक-२ स्थित हिमालय माध्यमिक विद्यालयमा आयोजित निःशुल्क दन्त परीक्षण तथा मुख स्वास्थ्य शिविर सम्पन्न भएको छ । विद्यालयअन्तर्गत हिमालय स्काउट समूह र रोभर/रेन्जरको संयुक्त आयोजना तथा ओम शान्ति डेन्टलको प्राविधिक एवं चिकित्सकीय सहयोगमा आयोजित शिविरमा विद्यालयका करिब २ हजार ७ सय विद्यार्थीको दाँत परीक्षण तथा आवश्यक औषधोपचार गरिएको हो ।

नेपाल स्काउटको ८५औँ स्थापना दिवसको अवसर पारेर विद्यालयकै खर्चमा सञ्चालन गरिएको शिविरको समापन कार्यक्रममा बोल्दै ओम शान्ति डेन्टलका सञ्चालक कमल गैरेले विद्यालयमै पुगेर बालबालिकाको मुखस्वास्थ्य परीक्षण गर्न पाउँदा खुसी लागेको बताए । उनले सानै उमेरदेखि मुख र दाँतको नियमित सरसफाइमा ध्यान दिन सके भविष्यमा देखिने धेरै दन्तरोगबाट बच्न सकिने उल्लेख गरे । उनले दाँतमा समस्या देखिए उपचार ढिलो नगर्न र नियमित परीक्षण गराउन विद्यार्थी तथा अभिभावकलाई आग्रह गरेका छन् ।

विद्यालयका प्रधानाध्यापक द्रोणबहादुर श्रेष्ठले ग्रामीण तथा सामुदायिक विद्यालयका विद्यार्थीलाई बाँकी ४ पेजमा ▸▸

## लिम्बू भाषालाई सरकारी कामकाजको मान्यता

**चुलाचुली /** चुलाचुली गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३-०८४ देखि लिम्बू भाषालाई सरकारी कामकाजको भाषा लागू गर्ने भएको छ । गाउँसभाको १८औँ अधिवेशनमा अध्यक्ष राजेन्द्र केरुङले प्रस्तुत गरेको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरिएको प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको हो ।

भाषिक समावेशीकरण, मातृभाषा संरक्षण र स्थानीय पहिचान प्रवर्द्धन गर्ने उद्देश्यले चुलाचुली र माङसेबुङ गाउँपालिकाले यस्तो निर्णय गरेका हुन् ।

पालिकाले यस निर्णयलाई कानुनी आधार दिन 'लिम्बू भाषा सरकारी कामकाजको भाषा सम्बन्धी विधेयक, २०८३' समेत पारित गरिसकेको छ । अध्यक्ष केरुङले यसबाट मातृभाषी समुदायको सम्मान बढ्नुका साथै रैथाने भाषाको संरक्षण र प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे । राष्ट्रिय जनगणना २०७८ अनुसार चुलाचुली गाउँपालिकामा नेपालीपछि सबैभन्दा बढी २३.०२ प्रतिशत नागरिकले लिम्बू भाषा बोल्छन् भने १०.८० प्रतिशतले वान्तवा भाषा मातृभाषाका रूपमा प्रयोग गर्छन् । इलामकै माङसेबुङ गाउँपालिकाले यसअघि नै गत जेठ १२ बाँकी ४ पेजमा ▸▸

## गाउँपालिकाको भवनबाट लडेर कामदारको मृत्यु

**झापा/** बाह्रदशी गाउँपालिकाको नयाँ भवनबाट लडेर घाइते भएका कामदारको मृत्यु भएको छ । यसरी मृत्यु हुनेमा मोरङ सुन्दरहरैंचा ४ बस्ने ४२ वर्षीय टंक थापा रहेका छन् । प्रहरीका अनुसार मंगलवार बिहान ९:४० बजे बाह्रदशी ५ स्थित गाउँपालिकाको ३ तले नयाँ भवनमा रंग लगाउने क्रममा उनी लडेर घाइते भएका थिए । भवनको ३ तला माथिबाट झरेर उनी ग्रिलमा अड्किएका थिए । घाइतेलाई उपचारका लागि बिर्तामोडस्ति बीएण्डसी अस्पताल ल्याइएकोमा उपचारका क्रममा दिउँसो १ बजे उनको मृत्यु भएको बिर्तामोड प्रहरीले जनाएको छ ।

# सम्पादकीय

## दमक नपाको नीति कार्यक्रम

दमक नगरपालिकाको १९औँ नगरसभा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि नीति तथा कार्यक्रम, आर्थिक विधेयक र विनियोजन विधेयक पारित गर्दै नपाले सुधारात्मक कदम चालेको दावी गरेको छ । स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको अभिभावक भएकाले यसका हरेक निर्णय, नीति र बजेटले नगरवासीको जीवनस्तर र स्थानीय विकासको दिशा तय गर्दछन् । यस अर्थमा, १९औँ नगरसभाले तय गरेका प्राथमिकता र चालेका सुधारात्मक कदमहरु दमकको समृद्धिका लागि सकारात्मक र आशालाग्दा देखिन्छन् ।

विगत लामो समयदेखि हाम्रा स्थानीय तहहरुमा 'विकास' भन्नाले केवल भौतिक पूर्वाधार वा भ्यु-टावर र सडक ढलान मात्र बुझ्ने संकुचित मानसिकता हाबी रहँदै आएको छ । तर, दमक नगरपालिकाले यसपटक यो परम्परागत धारलाई बदल्ने प्रयास गरेको छ । नगरप्रमुख रामकुमार थापाले घोषणा गरेझैँ, आगामी वर्ष नगरको विकासलाई पूर्वाधारमा मात्र सीमित नराखी शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सरसफाइ, वातावरण संरक्षण र सुशासनलाई समान प्राथमिकतामा राख्नु स्वागतयोग्य पक्ष हो । भौतिक पूर्वाधारले मात्र मानव विकासको सूचकांक माथि उठ्न सक्दैन ।

यस नगरसभाको सबैभन्दा बलियो र सह्रानीय पक्ष भनेको आर्थिक अनुशासन र वित्तीय सुशासनप्रतिको प्रतिबद्धता हो । राज्यकोष वा सार्वजनिक स्रोतको रकम जथाभाबी वितरण गर्ने प्रवृत्ति स्थानीय तहहरुमा महारोगकै रुपमा फैलिएको बेला दमकले एक कठोर तर आवश्यक निर्णय लिएको छ । नगरपालिका वा अन्य सरकारी निकायलाई तिर्नुपर्ने कर, शुल्क वा जरिवाना नतिरेका र सूचीकृत नभएका संस्था, क्लब वा समितिलाई कुनै पनि प्रकारको आर्थिक सहयोग वा अनुदान उपलब्ध नगराउने निर्णयले दमकको सार्वजनिक वित्तीय व्यवस्थापनलाई थप पारदर्शी र जिम्मेवार बनाउने निश्चित छ । अधिकार खोज्ने तर दायित्व भुल्ने परिपाटीलाई निरूत्साहित गर्न यो कदम सकारात्मक शुरूवात बन्न सक्छ ।

त्यसैगरी, स्थानीय तहहरुमा बेरूजुको ग्राफ वर्षौंदेखि उकालो लागिरहेको परिप्रेक्षयमा दमक नगरपालिकाले बेरूजु फछ्र्योटलाई उच्च प्राथमिकता दिँदै 'शून्य सहनशीलता'को नीति अपनाउने घोषणा गर्नु अर्को सकारात्मक पक्ष हो । असुलउपर गर्नुपर्ने बेरूजु तत्काल असुल गर्ने र नियमित गर्नुपर्ने बेरूजुका लागि महालेखा परीक्षकको कार्यालयसँग समन्वय गर्ने प्रतिबद्धताले प्रशासनिक चुस्तता र वित्तीय इमानदारिता झल्काउँछ । प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौलाद्वारा प्रस्तुत प्रशासनिक प्रतिवेदनले कर्मचारी व्यवस्थापन र प्रशासनिक सुधारका योजनालाई समेट्नुले नगरको सेवा प्रवाहलाई अझ जनमुखी बनाउने अपेक्षा गर्न सकिन्छ । नीति, नियम र बजेट आफैँमा उत्कृष्ट हुनु मात्र पर्याप्त हुँदैन, त्यसको वास्तविक कसी भनेको सफल कार्यान्वयन हो । अबको मुख्य चुनौती यही हो ।

# राजनीतिमाथिको विश्वासमा टुटेका आशाहरू



ओमप्रकाश गौतम
omgautam2078@gmail.com

राजनीतिमा जनताको विश्वास एक दिनमा बन्दैन, तर एकपछि अर्को वाचा पूरा हुन नसक्दा त्यो विश्वास विस्तारै क्षय हुँदै जान्छ । जब आशा टुट्छ, त्यसलाई फेरि जोड्न निकै कठिन हुन्छ । यही कारणले समाजमा निराशा बढ्छ, राजनीतिक प्रणालीप्रति अविश्वास गहिरिन्छ र अन्ततः विरोध तथा विद्रोहका स्वर मुखर हुन थाल्छन् । नेपालको वर्तमान राजनीतिक अवस्था पनि यही मनोविज्ञानको परिणाम हो ।

नेपालले २०४६ सालको जनआन्दोलनदेखि २०६२/६३ को आन्दोलन, संविधानसभा निर्वाचन, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र नयाँ संविधान कार्यान्वयनसम्म अनेक राजनीतिक परिवर्तन देख्यो । तर यी परिवर्तनसँगै जनताले अपेक्षा गरेका सुशासन, पारदर्शिता, रोजगारी, गुणस्तरीय सार्वजनिक सेवा र तीव्र आर्थिक विकास भने अपेक्षित रूपमा हासिल हुन सकेनन् । राजनीतिक व्यवस्था फेरिए पनि शासन शैलीमा अपेक्षित सुधार नआएकाले जनतामा निराशा बढ्दै गयो ।

पछिल्ला तीन दशकमा सत्ता मुख्यतः केही ठूला दलकै वरिपरि घुमिरह्यो । सरकार फेरिए, गठबन्धन फेरिए, चुनावी समीकरण फेरिए, तर भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार, उत्पादनमुखी अर्थतन्त्र निर्माण र युवाको रोजगारीजस्ता आधारभूत मुद्दामा उल्लेखनीय उपलब्धि देखिएन । उल्टै, नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण, सहकारी संकट, सुन तस्करी लगायतका घटनाले राज्य प्रणालीमाथिको जनविश्वास थप कमजोर बनायो । यस्ता घटनाले समस्या कुनै एक दल वा व्यक्तिमा मात्र सीमित नभई समग्र राजनीतिक संस्कृतिमा रहेको संकेत गर्छ ।

यही असन्तुष्टिले नयाँ राजनीतिक शक्तिहरूलाई उदाउने अवसर दियो । पछिल्ला निर्वाचनमा परम्परागत दलहरूले अपेक्षाभन्दा कमजोर परिणाम भोगे भने नयाँ दल र स्वतन्त्र उम्मेदवारले उल्लेखनीय जनसमर्थन प्राप्त गरे । यसले नेपाली मतदाता परिवर्तन चाहन्छन् भन्ने स्पष्ट सन्देश दिएको छ । तर नयाँ शक्ति हुनु मात्र पर्याप्त हुँदैन । जनताले परिणाम खोज्छन् । त्यसैले पुराना हुन् वा नयाँ, सबै राजनीतिक शक्तिको मूल्यांकन अन्ततः उनीहरूको कार्यसम्पादनबाट नै हुनेछ ।

लोकतन्त्रमा प्रतिपक्षको भूमिका सरकारको आलोचना गर्नु मात्र होइन, रचनात्मक विकल्प प्रस्तुत गर्नु पनि हो । त्यसैगरी सरकारको दायित्व आलोचनालाई शत्रुताका रूपमा होइन, सुधारको अवसरका रूपमा लिनु हो । राजनीतिक प्रतिस्पर्धा विकास, सुशासन र जनसेवामा केन्द्रित हुन सके मात्र लोकतन्त्र बलियो हुन्छ । व्यक्तिगत आरोप, उत्तेजक भाषण र सामाजिक सञ्जालमार्फत हुने चरित्रहत्या लोकतान्त्रिक संस्कृतिका लागि दीर्घकालीन रूपमा हानिकारक हुन्छन् ।

आज नेपाली समाजमा एउटा पुस्तान्तरण पनि भइरहेको छ । शिक्षित, प्रविधिमैत्री र सूचना-सचेत युवा पुस्ताले नेताको भाषणभन्दा बढी कामको मूल्यांकन गर्न थालेको छ । अब मतदाता केवल पार्टीको झण्डा वा चुनाव चिन्ह हेरेर मत हाल्ने अवस्थामा छैनन् । उनीहरूले नीति, नतिजा, पारदर्शिता र जवाफदेहितालाई प्राथमिकता दिन थालेका छन् । यही परिवर्तनले भविष्यको राजनीतिक दिशालाई निर्धारण गर्नेछ ।

पुराना राजनीतिक दलहरूले जनमत किन घट्यो भन्ने प्रश्नको इमानदारीपूर्वक समीक्षा गर्नुपर्छ । आत्मालोचना बिना सुधार सम्भव हुँदैन । त्यस्तै नयाँ शक्तिले पनि लोकप्रिय नारामात्र होइन, प्रभावकारी कार्यसम्पादनमार्फत आफ्नो विश्वसनीयता स्थापित गर्नुपर्छ । लोकतन्त्रमा कुनै दल स्थायी विजेता वा पराजित हुँदैन; जनविश्वास जित्ने र गुमाउने आधार काम नै हो ।

नेपाललाई आज आवश्यक परेको कुरा नयाँ विवाद होइन, नयाँ राजनीतिक संस्कार हो । सत्ता परिवर्तनभन्दा बढी शासन शैली परिवर्तन आवश्यक छ । पारदर्शिता, विधिको शासन, आर्थिक अनुशासन, भ्रष्टाचारविरुद्ध कठोरता र जनताप्रति उत्तरदायी प्रशासन स्थापित गर्न सके मात्र राजनीतिप्रतिको हराएको विश्वास फर्किन सक्छ । अन्यथा, निराशा र असन्तुष्टि झन् गहिरिँदै जानेछ ।

जनताले अब आश्वासन होइन, परिणाम खोजिरहेका छन् । त्यसैले अबको राजनीति भाषणले होइन, कामले मूल्याङ्कन हुने युगमा प्रवेश गरिसकेको छ ।

# सुशासनको जग : चरित्र, जिम्मेवारी र नागरिक चेतना



बासुदेव भट्टराई

> धार्मिक आस्था पनि नैतिक जीवनसँग जोडिनुपर्छ । कुनै एक धर्मको वर्चस्व स्थापना गर्नु धार्मिक दायित्व होइन । सबै धर्मले सिकाउने सत्य, अहिंसा, करूणा, न्याय, इमानदारी र सेवाभावलाई व्यवहारमा उतार्नु नै धर्मको सार हो । मन्दिर, गुम्बा, मस्जिद वा चर्चमा गरिने प्रार्थनाले मात्र समाज बदलिँदैन । ती प्रार्थनाको मूल्य सार्वजनिक व्यवहारमा देखिनुपर्छ । धर्मले असल नागरिक बनाउन सकेन भने त्यसको सामाजिक उद्देश्य अधुरो रहन्छ ।

राजनीति कुनै पनि मुलुकमा सरकार गठन गर्ने वा सत्ता सञ्चालन गर्ने माध्यम मात्र होइन । यो समाजको नैतिक चेतना, सांस्कृतिक परिपक्वता र राष्ट्रिय चरित्रको प्रतिबिम्ब पनि हो । कुनै राष्ट्रको राजनीति जति पारदर्शी, उत्तरदायी र नैतिक हुन्छ, त्यति नै त्यसको लोकतन्त्र बलियो, विकास दिगो र नागरिकको विश्वास सुदृढ हुन्छ । तर जब राजनीति सेवा होइन, शक्ति, स्वार्थ र अवसरको साधन बन्छ, त्यसको असर राज्यका सम्पूर्ण संरचनामा देखिन थाल्छ । नेपाल अहिले यस्तै नैतिक संकटको मोडमा उभिएको अनुभूति आम नागरिकले गरिरहेका छन् ।

नेपाल आध्यात्मिक, सांस्कृतिक र धार्मिक विविधताले सम्पन्न देश हो । यहाँ धर्मको अर्थ केवल पूजा-पाठ वा कर्मकाण्डमा सीमित छैन । पूर्वीय दर्शनले धर्मलाई सत्य, न्याय, कर्तव्य, करूणा, संयम र लोककल्याणसँग जोडेर व्याख्या गरेको छ । अधिकारभन्दा कर्तव्यलाई प्राथमिकता दिने यही दृष्टिकोण नेपाली समाजको आधार पनि रहँदै आएको हो । तर पछिल्ला वर्षहरूमा धर्मका बाह्य प्रतीकहरू बढे पनि त्यसले सिकाउने नैतिक अनुशासन, इमानदारी र सेवाभाव भने सार्वजनिक जीवनबाट क्रमशः कमजोर हुँदै गएको देखिन्छ ।

राजनीतिलाई जनसेवाको माध्यमभन्दा पनि शक्ति र सुविधाको साधनका रूपमा बुझ्ने प्रवृत्ति बढ्दा सार्वजनिक जीवनमा नैतिकताको स्थान खुम्चिँदै गएको छ । सार्वजनिक पदलाई जिम्मेवारीभन्दा विशेषाधिकारको रूपमा लिने मानसिकताले नागरिकको राज्यप्रतिको विश्वास कमजोर बनाएको छ । पद जनताले दिएको जिम्मेवारी हो, व्यक्तिगत सम्पत्ति होइन । जब सार्वजनिक पद निजी स्वार्थ पूरा गर्ने माध्यम बन्छ, लोकतन्त्रको आधार नै कमजोर हुन्छ ।

भ्रष्टाचार केवल आर्थिक अनियमितता मात्र होइन, यो समाजको नैतिक पतनको संकेत पनि हो । यसको प्रभाव सरकारी कोषको दुरुपयोगमा मात्र सीमित रहँदैन । यसले विद्यालयको शैक्षिक गुणस्तर, अस्पतालको सेवा, विकास आयोजनाको प्रभावकारिता, न्याय प्रणालीको विश्वसनीयता र राज्यका संस्थाप्रतिको जनविश्वासलाई समेत क्षति पुऱ्याउँछ । यसको सबैभन्दा ठूलो मार गरिब, किसान, श्रमिक, विद्यार्थी र अवसरबाट वञ्चित नागरिकले भोग्नुपर्छ । त्यसैले भ्रष्टाचारविरूद्धको अभियान कानुनी कारबाहीमा मात्र सीमित हुन सक्दैन; यसलाई नैतिक र सामाजिक आन्दोलनका रूपमा पनि अघि बढाउनुपर्छ ।

सार्वजनिक पदको दुरूपयोग अर्को गम्भीर चुनौती हो । आफन्तवाद, पक्षपात, राजनीतिक संरक्षण र व्यक्तिगत लाभका लागि राज्य संयन्त्रको प्रयोग हुँदा योग्यताको सम्मान घट्छ, संस्थाहरू कमजोर बन्छन् र लोकतान्त्रिक संस्कृतिमा अविश्वास बढ्छ । कुनै पनि राष्ट्रको स्थायित्व व्यक्तिमा होइन, संस्थाको बलियोपनमा निर्भर हुन्छ । संस्थाहरूभन्दा व्यक्ति शक्तिशाली बन्न थाले लोकतन्त्रको भविष्य नै जोखिममा पर्छ ।

राजनीतिक नेतृत्वको आलोचना गर्नु सजिलो छ, तर राजनीति समाजभन्दा अलग अस्तित्व होइन । राजनीति समाजकै प्रतिबिम्ब हो । यदि नागरिक स्वयंले दैनिक जीवनमा नियम उल्लंघनलाई सामान्य ठान्छन्, अनुचित प्रभाव खोज्छन्, व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिन्छन् वा जिम्मेवारीभन्दा अधिकारको मात्र माग गर्छन् भने त्यही संस्कार राजनीतिमा पनि प्रतिबिम्बित हुन्छ । त्यसैले राष्ट्रिय चरित्रको निर्माण संसदबाट होइन, घर, विद्यालय, समुदाय र नागरिक व्यवहारबाट सुरू हुन्छ ।

धार्मिक आस्था पनि नैतिक जीवनसँग जोडिनुपर्छ । कुनै एक धर्मको वर्चस्व स्थापना गर्नु धार्मिक दायित्व होइन । सबै धर्मले सिकाउने सत्य, अहिंसा, करूणा, न्याय, इमानदारी र सेवाभावलाई व्यवहारमा उतार्नु नै धर्मको सार हो । मन्दिर, गुम्बा, मस्जिद वा चर्चमा गरिने प्रार्थनाले मात्र समाज बदलिँदैन । ती प्रार्थनाको मूल्य सार्वजनिक व्यवहारमा देखिनुपर्छ । धर्मले असल नागरिक बनाउन सकेन भने त्यसको सामाजिक उद्देश्य अधुरो रहन्छ ।

राष्ट्र निर्माण सरकारको मात्र जिम्मेवारी पनि होइन । कानुनको सम्मान गर्नु, कर तिर्नु, सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु, श्रमको सम्मान गर्नु, सत्य बोल्नु र व्यक्तिगत स्वार्थभन्दा राष्ट्रहितलाई माथि राख्नु हरेक नागरिकको दायित्व हो । सुशासन त्यतिबेला मात्र सम्भव हुन्छ, जब नेतृत्व उत्तरदायी हुन्छ र नागरिक पनि आफ्नो जिम्मेवारीप्रति इमानदार हुन्छ ।

नेपालको भविष्य निराशा वा केवल राजनीतिक परिवर्तनमा निर्भर छैन । यसको आधार नैतिक पुनर्जागरण, उत्तरदायी नेतृत्व, बलिया संस्था र सचेत नागरिक समाज हो । कानुन आवश्यक छ, तर कानुनले मात्र चरित्र निर्माण गर्न सक्दैन । लोकतन्त्रलाई जीवन्त राख्ने शक्ति नागरिकको नैतिकता, संस्थाको विश्वसनीयता र नेतृत्वको उत्तरदायित्वमै निहित हुन्छ ।

आज आवश्यकता अरूलाई दोष दिनेभन्दा पनि आफूबाट परिवर्तन सुरू गर्ने हो । यदि सार्वजनिक जीवनमा सत्यनिष्ठा, पारदर्शिता, उत्तरदायित्व र लोककल्याणको भावना पुनःस्थापित गर्न सकियो भने राजनीति पुनः जनविश्वासको केन्द्र बन्न सक्छ । राष्ट्र निर्माण भाषणले होइन, चरित्रले हुन्छ; पदले होइन, सेवाले हुन्छ; र विकास केवल सडक, भवन वा योजनाले होइन, नागरिकको नैतिक चेतनाले पनि मापन हुन्छ ।

अन्ततः हामी कस्तो नेपाल निर्माण गर्न चाहन्छौँ? पद प्रतिष्ठा र विशेषाधिकारको प्रतीक बनेको नेपाल, वा सेवा, उत्तरदायित्व र नैतिकताको आधारमा उभिएको नेपाल? यसको उत्तर राजनीतिक दलहरूले मात्र होइन, प्रत्येक नेपाली नागरिकले आफ्नो आचरणबाट दिनुपर्नेछ । किनभने राष्ट्रको भविष्य संविधानका धारामा मात्र लेखिँदैन, त्यो नागरिकको चरित्र, नेतृत्वको नैतिकता र समाजको सामूहिक विवेकमा पनि लेखिएको हुन्छ ।

## बुढीगंगा गापामा सार्वजनिक सुनुवाई सम्पन्न

विराटनगर । मोरङको बुढीगंगा गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न विकास निर्माण, सेवा प्रवाह तथा कार्यक्रमहरूको समीक्षा गर्दै नागरिकका गुनासा, सुझाव र जिज्ञासा संकलन गर्न सार्वजनिक सुनुवाइ सम्पन्न गरेको छ । गाउँपालिकाले नागरिकले उठाएका सवाललाई कार्ययोजनामार्फत सम्बोधन गर्ने प्रतिबद्धता जनाएको छ ।

गाउँपालिकाको आयोजना तथा कोशी मिडिया नेटवर्कद्वारा सञ्चालित विराट टेलिभिजनको समन्वयमा गाउँपालिका-१ टंकीमा आयोजित कार्यक्रममा विभिन्न वडाका स्थानीय, जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, व्यवसायी, गृहिणी, बुद्धिजीवी तथा सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो ।

सार्वजनिक सुनुवाइमा प्रमुख प्रशासकीय अधिकृत प्रयास भट्टराईले कानुन, नीति र कार्ययोजनाअनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिका निरन्तर सक्रिय रहेको बताए । सेवा प्रवाहसम्बन्धी समस्या वा गुनासा सम्बन्धित शाखा वा गुनासो सुन्ने अधिकारीसमक्ष राख्न आग्रह गर्दै उनले नागरिकका रचनात्मक सुझावलाई कार्यान्वयनमा समेटिने बताए ।

कार्यक्रममा सहभागी नागरिकले सडक मर्मत, फोहोरमैला व्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सामाजिक सुरक्षा तथा पूर्वाधार विकासका क्षेत्रमा थप सुधार आवश्यक रहेको औंल्याए । अव्यवस्थित पार्किङ, सडक बत्ती, नाला निर्माण, वातावरण संरक्षण, सार्वजनिक सेवाको प्रभावकारिता, युवाका लागि सीपमूलक तालिम, कृषि उत्पादनको बजारीकरण तथा महिला र विपन्न समुदाय लक्षित कार्यक्रम विस्तार गर्नुपर्ने सुझावसमेत दिएका थिए ।

गाउँपालिका अध्यक्ष जितनारायण थापा मगरले सार्वजनिक सुनुवाइले स्थानीय सरकारलाई उत्तरदायी, पारदर्शी र जनमुखी बनाउन सहयोग पुग्ने बताउँदै नागरिकका सुझाव र गुनासालाई गम्भीरतापूर्वक सम्बोधन गर्दै आवश्यक सुधारका लागि कार्ययोजना बनाएर कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गरे ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नुहुन अनुरोध छ ।


सम्पर्क नम्बर : ९८४४६८०४९९

## भोजपुरमा सुन्तला, अलैंची तथा तरकारीखेती विस्तार

# अनुदान र प्राविधिकले किसानलाई हौसला



**भोजपुर**/ सुन्तला, अलैंची तथा तरकारीखेती विस्तारका लागि प्रदान गरिएको अनुदान र प्राविधिक सहयोगले कृषिमा लाग्न किसानलाई थप हौसला मिलेको छ। भोजपुरले जिल्लामा अलैंची 'सुपर जोन' सञ्चालन भएसँगै यहाँका नौ स्थानीय तहमध्ये सात स्थानीय तहका ३५ वडाहरू समेटिएका छन्। यस्तै, सुन्तलाखेती प्रवर्द्धनका लागि पाँच स्थानीय तहका २६ वडामा 'सुन्तला जोन' स्थापना गरिएको छ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत जिल्लामा सञ्चालन गरिएका विभिन्न अनुदानमुखी कार्यक्रमहरूले किसानलाई व्यावसायिक कृषितर्फ आकर्षित गर्न भूमिका खेलेको हो।

जोन प्राविधिक एकाइ भोजपुरका प्रमुख कौसिला विष्टका अनुसार यी कार्यक्रममार्फत किसानलाई अनुदानसँगै आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइँदै आएको छ। चालु आवमा मात्र १०९ जना किसानले विभिन्न शीर्षकमा अनुदान सहयोग प्राप्त गरेका छन्।

अनुदान कार्यक्रमको प्रभावले किसान प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। सुन्तला र अलैंचीखेतीसँगै अन्य बालीमा पनि सहयोग विस्तार गरिँदा किसानहरू व्यावसायिक कृषितर्फ उन्मुख हुँदै गएको देखिन्छ।

कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रमअन्तर्गत भोजपुर-५ की सङ्गीता श्रेष्ठले व्यावसायिक तरकारी तथा खुर्सानीखेती गर्दै आउनुभएको छ। यस कार्यक्रमका लागि कार्यालयले रु चार लाख अनुदान उपलब्ध गराएको छ भने ५० प्रतिशत लागत साझेदारी किसानकै रहेको छ। सोही कार्यक्रममार्फत पाँचवटा कृषि फर्मलाई रु चार-चार लाखका दरले अनुदान सहयोग प्रदान गरिएको छ।

त्यसैगरी, भोजपुर नगरपालिका-३ गुप्तेश्वरका किसान हरिप्रसाद प्रधानले कार्यालयबाट प्राप्त सहयोगले कृषिमा लाग्न थप प्रेरणा मिलेको बताए। चालु आवमा अनुदान सहयोगमा पक्की सिँचाइ पोखरी निर्माण गर्नुका साथै २० रोपनी क्षेत्रफलमा ५०० वटा सुन्तलाका बिरुवा रोपेर खेती विस्तार गरेको जानकारी दिए।

आव २०८२/८३ मा सञ्चालन भएका योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न जिल्लास्तरका सरोकारवालाको सहभागितामा अन्तर-निकाय संयुक्त अनुगमनसमेत गरिएको छ। भोजपुर नगरपालिकाका प्रमुख कैलाशकुमार आलेले अनुगमनका क्रममा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको पाइएको बताए।

कार्यालयले चालु आवमा सिँचाइ पूर्वाधार निर्माण तथा मर्मतसम्भार कार्यक्रममार्फत ५४ जना किसानलाई अनुदान सहयोग प्रदान गरेको छ। साथै सुधारिएको आधुनिक अलैंची भट्टी जडान तथा निर्माण कार्यक्रमअन्तर्गत ३० वटा आधुनिक भट्टी वितरण गरिएको छ। सुन्तला बाली क्षेत्र विस्तार कार्यक्रमअन्तर्गत ११ वटा कृषि फर्मले अनुदान पाएका छन्। यसअन्तर्गत सिँचाइ पोखरी निर्माण, बिरुवा, पाइप वितरण तथा कृषि यान्त्रीकरणमा सहयोग गरिएको छ।

यसैगरी, सुन्तला नर्सरी सुदृढीकरण, अलैंची नर्सरी स्रोत केन्द्र स्थापना, नमूना सुन्तला बगैंचा विकास, अलैंची बालीको छहारी व्यवस्थापन, कृषि यान्त्रीकरण तथा खाद्यतत्व सहयोग, कृषिजन्य बालीलगायत रैथाने बालीको प्रशोधन, लेबलिङ तथा बजारीकरण सहयोग कार्यक्रम, कृषि तथा पशुपन्छी उद्यमशीलता विकास तथा चक्लाबन्दीमा आधारित खेती कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भइरहेका छन्। रैथाने बालीको कार्यक्रमअन्तर्गत रामप्रसादराई-६ मा कोदोको बिस्कुट उत्पादन भइरहेको कार्यालयले जनाएको छ।

**विश्वकप विशेष**

# बेल्यिमद्वारा अमेरिकामा ४-१ गोल अन्तरले पराजित




दमक/ विश्वकप फुटबल प्रतियोगिताको सहआयोजकअमेरिकालाई घरेलु मैदानमा हराउँदै बेल्जियम फिफा विश्वकप २०२६ को क्वार्टरफाइनलमा प्रवेश गरेको छ। अमेरिकाले सियाटल स्टेडियममा मंगलबार बिहान भएको खेलमा घरेलु टोलीलाई ४-१ को फराकिलो अन्तरले पराजित गरी बेल्जियमले क्वार्टरफाइनलमा स्थान बनाएको हो।

बेल्जियको जितमा चार्ल्स डे केटलेरले दुई, हान्स भानकेन र रोमेलु लुकाकुले एकएक गोल गरे। खेलको नवौं मिनेटमा चार्ल्स डे केटलेरले गोल गर्दै बेल्जियमलाई अग्रता दिलाएका थिए। ३१औं मिनेटमा मलिक टिलम्यानले फ्रिकिकमार्फत गोल गर्दै अमेरिकालाई बराबरीमा फर्काए।

त्यसको दुई मिनेटमै बेल्जियमले दोस्रोपटक अग्रता लियो। केटलेरले व्यक्तिगत दोस्रो गोल गर्दै टोलीलाई अग्रतामा पुऱ्याए। खेलको ५७औं मिनेटमा भानकेनले गोल गर्दै बेल्जियमको अग्रताको दुरी बढाए। त्यसपछि दोस्रो हाफको इन्जुरी समयमा लुकाकुले गोल गर्दै बेल्जियमलाई ४-१ को जित दिलाए। योसँगै बेल्जियम ८ वर्षपछि क्वार्टरफाइनलमा प्रवेश गरेको छ। सन् २०१८ को विश्वकपमा तेस्रो बनेको बेल्जियम २०२२ को विश्वकपमा समूह चरणबाटै बाहिरिएको थियो। बेल्जियमले अब सेमिफाइनल प्रवेशका लागि स्पेनसँग खेल्नेछ।

**मनोरञ्जन**

# "बेहुली" हेर्ने निम्तो बाँड्दै निर्माता




**दमक**/ चलचित्र 'बेहुली' भदौ २६ गतेदेखि देशभरका सिनेमाघरमा रिलिज हुने भएको छ। राजधानीमा एक कार्यक्रम गर्दै निर्माण युनिटले पोस्टर र प्रदर्शन मिति सार्वजनिक गरेको हो। 'द डिभाइन म्युजिक' र 'सम्मान इन्टरटेन्मेन्ट'को ब्यानरमा निर्माण भएको चलचित्रको सार्वजनिक पोस्टरले निकै गहिरो र विद्रोही प्रेमकथाको झल्को दिन्छ। तस्बिरमा अभिनेता पारस बम ठकुरीको अनुहारमा गम्भीर भाव र सामान्य चोट देखिन्छ भने उनको नाडीमा हतकडी झुन्डिएको छ। रातो रङ्को आकर्षक विवाह पहिरन र गहनामा सजिएकी दिव्या रायमाझीले आँखा चिम्लिएर शान्त मुद्रामा पारसको छातीमा टाउको अडेसाएकी छन्।

दिव्या दुरुस्तै बेहुलीको पहिरनमा थिइन्, अनि पारसको हातमा हतकडी थियो। मञ्चमै उनीहरूले एक अर्काप्रतिको प्रेमिल भाव व्यक्त गर्दा उपस्थित सञ्चारकर्मी र अतिथिको ध्यान तानिएको थियो। चलचित्रमा यी दुईका अलावा सुशान्त कार्कीको पनि प्रमुख अभिनय छ।

सशान कँडेलको निर्देशन रहेको चलचित्रमा पारस, दिव्या र सुशान्तलाई पदम तामाङ, सन्तोष बानियाँ, सरिता गिरी, विशाल पहारी, कर्मा लामा, दीपक गौली, विमल यादव, अविरल श्रेष्ठ, सविन कट्टेल र समायरा थापा मगरलगायतको अभिनय छ। नरेन्द्र मैनालीको क्यामेरा, विकास दाहालको सम्पादन र रोशन श्रेष्ठको एक्सन चलचित्रमा छ। चर्चित सङ्गीतकार अर्जुन पोखरेलले निर्माण गरेको चलचित्रमा प्रताप शमशेर राणा निर्माता, कार्यकारी निर्मातामा शंकर कोइराला र रमेश सिलवाल, सह-निर्माता दुर्गा खरेल र शिशिर श्रेष्ठ छन्रु भने कोसिस राज क्षेत्री र सम्राट क्षेत्री लाइन प्रोड्युसर हुन्।

**स्वास्थ्य**

# छाला चिलाउने समस्या के हो ?



**दमक/** छाला चिलाउँदा हामीलाई धेरै असहज महसुस हुन सक्छ। यो समस्या फंगल संक्रमणसहित धेरै कारणले हुने गर्छन्। छाला चिलाउने समस्या एक भागबाट सुरू भएर सम्पूर्ण भागमा फैलिन सक्छ। यस्तो अवस्थामा समयमै उपचार गर्नु निकै आवश्यक हुन्छ। छाला चिलाउने समस्या धेरै कारणले गर्दा हुन सक्छ। जस्तै कुनै खानाको एलर्जी, कुनै वस्तुको एलर्जी र कुनै औषधीको रियाक्सनले गर्दा पनि हुने गर्छ। यस बाहेक यदि हाम्रो शरीरमा केही भिटामिनको कमी भएमा पनि यो समस्या देखिने गर्छ। हाम्रो शरीरमा कुन भिटामिनको कमीले छाला चिलाउने समस्या आउने गर्छ।


शरीरमा भिटामिन 'ए' को कमीले गर्दा छाला चिलाउने समस्या हुन सक्छ। भिटामिन ए को कमीले छाला सुख्खा र कडा हुने गर्छ। यदि तपाई छाला चिलाउने अनुभव गर्दै हुनुहुन्छ भने, एक पटक शरीरमा भिटामिन ए को कमी छ कि छैन भनेर परीक्षण गराउनु निकै आवश्यक हुन्छ।

यसबाहेक हामीले आफ्नो आहारमा भिटामिन ए युक्त खानेकुराहरू जस्तै अण्डाको पहेँलो भाग, सुन्तला, गाजर, कलेजो, टमाटर, मेवा र आलु जस्ता खानाहरू समावेश गर्न सक्छौं। यी खानेकुराहरूले हाम्रो शरीरमा कमी भएको भिटामिन ए को मात्र पूरा गर्न मद्दत गर्छ।

भिटामिन बी १२ को कमीले पनि शरीरमा चिलाउने समस्या हुन आउन सक्छ। जसका कारण हाम्रो छालामा धेरै दागहरू आउन सक्छन्। बी १२ को कमीले कसै कसैमा एकै साथ हात र खुट्टा नै चिलाउने समस्या देखिन सक्छ। शरीरमा भिटामिन बी १२ को कमीलाई पूर्ति गर्न मासु, माछा, दूध, दही, कुखुरा, अण्डाका साथै केही हरियो सागसब्जी र फलफूल जस्तै ब्रोकाउली, केरा, सुन्तला, ब्लुबेरी, सुन्तला आदिलाई आफ्नो आहारमा समावेश गर्न सकिन्छ। शरीरमा भिटामिन बी ३ अर्थात् 'नियासिन' को कमीले पनि छालामा चिलाउने समस्या आउन सक्छ। यसको कमीले गर्दा छालामा चिलाउने मात्र होइन, दाग र घाउ पनि हुने सम्भावना धेरै हुन्छ। भिटामिन बी ३ को कमीलाई पुरा गर्नका लागि हामीले हाम्रो आहारमा कुखुराको ब्रेस्ट, माछा, बदाम, ब्राउन राइस, मल्टिग्रेन पिठोको सातु वा रोटी आदि समावेश गर्न सक्छौं।

## मोरङ-सुनसरीका मूल नहरमा नै पानी छैन

# धान रोप्ने सिजनमा किसानलाई सास्ती



**उर्लाबारी**/सुनसरी-मोरङ सिँचाइ आयोजनाले मोरङ र सुनसरीको ६८ हजार हेक्टर जमिनमा सिँचाइ हुँदै आएको नहरमा पानी नहुँदा किसान मारमा परेका छन्। सप्तकोशीले धार बदलेर पश्चिम उदयपुरतर्फ पानी जान थालेपछि नहरमा पानी कम आउन थालेको छ।

धान रोप्ने मुख्य समयमा सुनसरी-मोरङ सिँचाइ आयोजनाको मूल नहरमा पर्याप्त पानी नहुँदा सबैभन्दा अन्तिम क्षेत्रका किसान आकासे पानीको भरमा पर्नु परेको किसानको गुनासो छ।

आयोजनाले स्पर निर्माण गरेर पानी नहरतर्फ ल्याउने प्रयास गरे पनि बर्सेनि स्पर भत्किने गरेका छन्। जसले गर्दा वर्षामा समेत नहरमा ६० क्युमेक्सभन्दा कम पानी आइरहेको छ।

सबैभन्दा पुछारको झमनपुर शाखाका अध्यक्ष खड्लाल साहले भने- "विगतमा पानी कम हुँदा पालो लगाएर वितरण गरिन्थ्यो। यो वर्ष झमनपुर शाखाका उपभोक्ताले असार २१ गतेसम्म पनि पानी लगाउन पाएका छैनन्। साहले कसल सिँचित क्षेत्रमध्ये मोरङतर्फ नौ शाखाका ४० प्रतिशत उपभोक्ताले सुनसरी-मोरङ सिँचाइ आयोजनाको पानी प्रयोग गरी रोपाइँ गर्दै आएको जानकारी दिए। नहरको मुहानबाट झमनपुर शाखा ५४ किमी दक्षिण पूर्वमा पर्छ। समान रूपमा शुल्क तिर्नु पर्छ तर पुछारका उपभोक्ताले पानी प्रयोग गर्न पाउँदैनन्। अध्यक्ष साहले आकासे पानीको भरमा खेत रोप्नु परिरहेको बताए।

कानेपोखरी-३ का उपभोक्ता सोमप्रसाद घिमिरेले पनि उस्तै समस्या सुनाए "नहरको भर पर्दा रोपाइँ नहुने अवस्था आयो। त्यसैले भूमिगत पानीका लागि बोरिङ गाड्न थालेका छौं।"

उपभोक्ताका अनुसार आयोजनाले पानी व्यवस्थापन गर्न २७५ जना ढाल्पा कर्मचारी (नहरका ढोका खोल्न बन्द गर्न राखिएका कामदार) राखेको छ। ती ढाल्पाले पानीको पालो अनुसार शाखा नहरमा पानी वितरण गर्नुपर्ने हो। उनीहरूमध्ये २०/२५ जना ढाल्पा मात्रै फिल्डमा काम गर्छन्। अरू कर्मचारी बसेरै तलब खान्छन्।

अर्का उपभोक्ता हेमचन्द्र भण्डारीले आयोजनाले पुछारको नहर सफाइ नगरेको गुनासो गरेका छन्। उनले भने- 'पानी सानो छोड्छन्। अझ नहर सफाइ नहुँदा पानीको बहाव कमजोर हुन्छ। नहरको पानीको भरमा पर्ने हो भने रोपाइँ सम्भव नहुने देखेर आकासको भर परिरहेका छौं।'

सुनसरी-मोरङ सिँचाइ आयोजनाका निमित्त प्रमुख लेखनाथ सुवेदीले ५० वर्ष पुरानो संरचनामा नहरको पूर्ण क्षमतामा पानी ल्याउन असम्भव भएकाले पुछारका उपभोक्तालाई पानी नपुगेको बताए।

**दैनिक राशिफल**

आज मिति २०८३ साल असार २४ गते बुधबार
8 July, 2026
तिथि: अष्टमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | रोगव्याधीले सताउला। धन खर्च। मन खिन्न। |
| वृष | इ उ ए ओ वा वि वु वे वो | स्वास्थ्यमा सुधार। पारिवारीक भेटघाट। |
| मिथुन | का कि कु घ ङ छ के को हा | परिश्रम अनुसार फल प्राप्ती। मनमा उत्साह बढ्ने। |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारको अवसर। विदैशिक यात्रा होला। |
| सिंह | मा मि मु मे मो टा टि टु टे | ब्यापार व्यवसायमा लाभ। धन सञ्जय नहुने। |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मनमा धेरै कुरा खेल्ने। विश्वास बढी गर्नाले धोका। |
| तुला | हि हु हे हो डा डि डु डे डो | स्वास्थ्य गडबड खानपिनमा बढी ध्यान दिनु होला। |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | सामाजिक मान बढ्ने। कुरा काट्ने पनि सक्रृय। |
| धनु | य यो भा भी भ धा फा ढ भे | साथीभाइबाट सहयोग। आफन्तजनमा भने मनमुटाव। |
| मकर | भो जा जी खि खू खे खो गा गी | आम्दानीका बाटाहरु खुल्ने। नयाँ सरसामान खरिद। |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | अध्ययनमा सफलता। परिश्रम भने बढी गर्नुपर्ला। |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मान्यजनसँगको भेटघाट परिवारमा खुशीयाली। |

# लुङरूपा–गोरुवाले सडकखण्ड पुल निर्माण



**पाँचथर/** लुङरूपा-गोरूवाले सडकखण्डमा पुल निर्माण सम्पन्न भएसँगै बर्खायाममा स्थानीयवासीले भोग्दै आएको आवतजावतको समस्या हटेको छ ।

पाँचथरको शिवालय-रानीटार-लुङरूपा-गोरूवाले सडकखण्ड अन्तर्गत नाम्दुखोलामा आर्क प्रविधिको आरसिसी पुल निर्माण भएको हो । कोशी प्रदेश सरकार अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालयको पूर्वाधार विकास कार्यालय पाँचथरले पुल निर्माण गरेको हो ।

'नाम्दुखोला पुल निर्माण आयोजना' अन्तर्गत ३०.३८ मिटर लम्बाइको आधुनिक आर्क आरसिसी पुल निर्माण गरिएको पूर्वाधार कार्यालय पाँचथरले जनाएको छ । पुल निर्माणको जिम्मा सञ्जीव निर्माण सेवा प्रालि, फिदिम पाँचथरले पाएको थियो ।

यो आयोजना २०८० साल वैशाख १४ गते सुरू भई हालै सम्पन्न भएको हो । २०८२ सालमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिए पनि २०८१ साल असोज १२ गते गएको बाढीले निर्माणाधीन संरचना भत्काइदिँदा काम सक्न ढिलो भएको पूर्वाधार विकास कार्यालय पाँचथरका प्रमुख शैलेन्द्रकुमार सिंहले बताए ।

पुल निर्माणमा तीन करोड ४५ लाख रूपियाँभन्दा बढी लागत लागेको जनाइएको छ । आयोजनामा स्थानीय सडक पुल कार्यक्रम तथा स्विस सरकार विकास सहयोग (एसडिसी) को प्राविधिक सहयोग रहेको हो ।

# विश्वकप सट्टेबाजीमा ८५ जना पक्राउ

**एजेन्सी/** विश्वकप फुटबल प्रतियोगिताका क्रममा बढ्दो अवैध सट्टेबाजी नियन्त्रण गर्ने अभियानअन्तर्गत भियतनामी प्रहरीले करिब १३ करोड ३० लाख अमेरिकी डलर बराबरको अवैध कारोबार सञ्चालन गर्ने दुई ठूला सट्टेबाजी गिरोहको पर्दाफास गर्दै ८५ जनालाई पक्राउ गरेको जनाएको छ ।

मंगलबार सार्वजनिक गरिएको प्रहरी विज्ञप्तिअनुसार जुनको अन्त्यतिर गरिएको छापामार कारबाहीमा उच्च तहको संगठित संरचना र कडा नियन्त्रणमा सञ्चालित दुई सट्टेबाजी सञ्जाललाई लक्षित गरिएको थियो । प्रारम्भिक अनुसन्धानअनुसार ती गिरोहले गत अक्टोबरदेखि अनलाइनमार्फत करिब १३ करोड ३० लाख अमेरिकी डलर बराबरको अवैध सट्टेबाजी कारोबार सञ्चालन गरेका थिए ।

सार्वजनिक सुरक्षा मन्त्रालयका अनुसार गत साताभित्र देशभर सञ्चालनमा रहेका ७३ वटा अवैध जुवा सञ्जाल ध्वस्त पारिएका छन् । विश्वकप सुरू भएको पहिलो २० दिनमै अवैध जुवा तथा फुटबल सट्टेबाजीमा संलग्न ३४६ जना शंकास्पद व्यक्तिलाई पक्राउ गरिएको मन्त्रालयले जनाएको छ ।

# तेल ट्यांकर माथि अज्ञात प्रहार

**एजेन्सी/** ओमानको तटमा एउटा तेल ट्यांकर माथि अज्ञात प्रहार भए पछि आगलागी भएको बताएको छ । संयुक्त राज्य अमेरिका र इरान बीच युद्धविराम र स्थायी शान्ति सम्झौता सुरक्षित गर्न जारी सम्झौता बाबजुद यो घटना हुदाँ विश्वको महत्वपूर्ण ऊर्जा ढुवानी मार्गमा अझै सरल आवागमन सम्भव नभएको जनाइएको छ । युनाइटेड किंडम मेरिटाइम ट्रेड अपरेसन (युकेएमटीओ) ले ओमानको लिमाहबाट आठ माइल पूर्वमा उक्त घटना भएको बताएको छ भने अर्को "एउटा ट्यांकरमा बन्दरगाह छेउमा अज्ञात प्रहार भए पछि आगो लागेको रपोर्ट गरिएको छ ।

# केराबारीमा सार्वजनिक सुनुवाई सम्पन्न




**केराबारी/** केराबारी (मोरङ) उत्तरी मोरङको विकट केराबारी गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा भएका विकास निर्माण र सेवा प्रवाहबारे सार्वजनिक सुनुवाइ गर्दै स्थानीयवासीबाट सुझाव, गुनासा र जिज्ञासा संकलन गरेको छ ।

कार्यक्रममा सहभागी स्थानीयले सडक, खानेपानी, स्वास्थ्य, कृषि, शिक्षा तथा सार्वजनिक सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन गाउँपालिकाको ध्यानाकर्षण गराएका छन् । गाउँपालिका अध्यक्ष सुमन मिरिङचिङको अध्यक्षतामा आयोजित कार्यक्रममा उपाध्यक्ष मनमाया मगर, प्रमुख प्रशासकीय अधिकृत जयराम श्रेष्ठ, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य तथा स्थानीयवासीको सहभागिता रहेको थियो। सार्वजनिक सुनुवाइमार्फत गाउँपालिकाले सुशासन, पारदर्शिता, सामाजिक उत्तरदायित्व र जवाफदेहितालाई थप मजबुत बनाउने उद्देश्य राखेको जनाएको छ ।

कार्यक्रममा स्थानीयवासीले विशेषगरी वर्षायाममा हिलाम्मे र जीर्ण बन्ने ग्रामीण सडकको स्तरोन्नति, नियमित खानेपानी आपूर्ति, दुर्गम बस्तीमा स्वास्थ्य सेवाको पहुँच विस्तार, कृषि उत्पादनको बजारीकरण तथा सिँचाइ व्यवस्थापनमा थप लगानी गर्नुपर्ने आवश्यकता औंल्याएका थिए । साथै, युवाका लागि रोजगारीमूलक तथा सीप विकासका कार्यक्रम, विद्यालयको शैक्षिक गुणस्तर सुधार, विपद् जोखिम न्यूनीकरण, वन्यजन्तुबाट हुने क्षति नियन्त्रण तथा सार्वजनिक सेवा प्रवाहलाई छिटो, सहज र प्रविधिमैत्री बनाउनुपर्ने सुझावसमेत दिएका थिए । स्थानीयले कृषि अनुदान तथा विकास योजनाको प्रभावकारी कार्यान्वयन, पारदर्शी बजेट खर्च र नियमित अनुगमनमा समेत गाउँपालिकाले विशेष ध्यान दिनुपर्ने धारणा राखेका थिए ।

गाउँपालिका अध्यक्ष मिरिङचिङले सार्वजनिक सुनुवाइमा उठेका सुझाव र गुनासालाई गाउँपालिकाले गम्भीरतापूर्वक लिने बताउँदै आवश्यक सुधारका लागि कार्ययोजना बनाएर कार्यान्वयन गरिने प्रतिबद्धता जनाए । उनले सार्वजनिक सुनुवाइ स्थानीय सरकार र नागरिकबीच विश्वास अभिवृद्धि गर्ने प्रभावकारी माध्यम भएको उल्लेख गर्दै विकास निर्माण र सेवा प्रवाहलाई थप उत्तरदायी, पारदर्शी र जनमुखी बनाइने बताए ।

# थुम्लुङ खोलामा पक्की पुल निर्माण हुँदै

**भोजपुर /** भोजपुरको तेजिङ-हिलारी राजमार्गअन्तर्गत साल्पासिलिछो गाउँपालिका-६ स्थित थुम्लुङ खोलामा पक्की पुल निर्माणको काम ५५ प्रतिशत सम्पन्न भएको छ । कोशी प्रदेश सरकारको करिब ४ करोड ९४ लाख रूपैयाँ लागतमा निर्माण भइरहेको पुलले वर्षौंदेखि जोखिमपूर्ण रूपमा खोला तर्दै आएका स्थानीयलाई राहत मिल्ने अपेक्षा गरिएको छ ।

पूर्वाधार विकास कार्यालयका अनुसार पुल निर्माणको संरचनात्मक काम तीव्र गतिमा अघि बढिरहेको छ । हालसम्म पिलरलगायतका मुख्य संरचना निर्माण सम्पन्न भइसकेका छन् । एक स्पानमा निर्माण भइरहेको पुल ३५ मिटर लामो र फुटपाथसहित ८.४ मिटर चौडा हुनेछ । 'ओपन फाउन्डेसन' प्रविधिबाट निर्माण भइरहेको पुल २०८४ असोजभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

कार्यालय प्रमुख राजनराज रेड्डीले पुल निर्माणपछि साल्पासिलिछो गाउँपालिका र षडानन्द नगरपालिकाका बासिन्दाले प्रत्यक्ष लाभ पाउने बताए । उनका अनुसार पुलले स्थानीय आवागमन सहज बनाउनुका साथै आर्थिक गतिविधि विस्तारमा समेत टेवा पुऱ्याउनेछ ।

स्थानीयका अनुसार थुम्लुङ खोलामा पुल नहुँदा वर्षायाममा आवतजावत पूर्ण रूपमा प्रभावित हुने गरेको थियो । खोलामा पानीको बहाव बढेपछि विद्यार्थी विद्यालय जान, बिरामी उपचारका लागि अस्पताल पुग्न तथा गर्भवती र ज्येष्ठ नागरिकलाई ओहोरदोहोर गर्न निकै सास्ती हुने गरेको थियो । दैनिक उपभोग्य वस्तु ढुवानी र स्थानीय उत्पादन बजारसम्म पुऱ्याउन पनि कठिनाइ हुँदै आएको थियो ।

स्थानीय खगेन्द्र राईले पुल अभावका कारण वर्षौंदेखि जोखिम मोलेर खोला तर्नुपरेको स्मरण गर्दै अब स्थायी समाधान हुने विश्वास व्यक्त गरे । अर्का स्थानीय डिल्लीराम बस्नेतले वर्षायाममा खोला तर्न नसकिने अवस्था हुने भएकाले गाउँको जनजीवन प्रभावित हुने गरेको बताए ।

पूर्वाधार विकास कार्यालयका अनुसार पुल निर्माणको जिम्मा कोसेली-नौलाखा-जय गोविन्द जेभीले लिएको छ । २०८२ असोजमा सम्झौता भएको आयोजना निर्धारित समयमै सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कार्य भइरहेको कार्यालयले जनाएको छ । पुल सञ्चालनमा आएपछि वर्षौंदेखिको आवागमन समस्या अन्त्य हुनुका साथै तेजिङ-हिलारी राजमार्गको यातायात सेवा थप सुरक्षित, भरपर्दो र प्रभावकारी बन्ने अपेक्षा गरिएको छ ।

***झापा......***यसैगरी पहाडी जिल्ला संखुवासभाको भोटखोला गाउँपालिकामा १० देखि १५ मिटर सडक चट्टान र लेदोसहितको पहिरोले पुरिँदा भोटखोला क्षेत्र सदरमुकामसँगको सम्पर्क विच्छेद भएको छ ।

उता भोजपुरमा मध्यपहाडी लोकमार्ग अन्तर्गत भोजपुर नगरपालिका वडा नं. ५ को बोखिम क्षेत्रमा बाढी र पहिरोले सडक बगाएपछि यातायात सेवा लामो समय अवरूद्ध रह्यो, जसलाई हालै कडा मिहिनेतपछि एकतर्फी सञ्चालनमा ल्याइएको छ ।

मेची राजमार्ग र तमोर कोरिडोर पूर्ण रूपमा ठप्प भएपछि ताप्लेजुङ र पाँचथरबाट तराई (झापा, मोरङ) झर्ने यात्रुहरु संक्रान्ति, म्याङलुङ (तेह्रथुम), बसन्तपुर र धनकुटाको भेडेटार हुँदै १० देखि १२ घण्टाको लामो र कष्टकर वैकल्पिक यात्रा गर्न बाध्य भएका छन् । मनसुन अझै सक्रिय रहने र साउन महिना बाँकी नै रहेकाले नदी तटीय क्षेत्र र पहिरोको जोखिम भएका भिरालो जमिन आसपास बस्ने नागरिकहरूलाई सुरक्षित स्थानमा सर्न र यात्रा गर्दा विशेष सावधानी अपनाउन स्थानीय प्रशासनले अपिल गरेको छ ।

***घर जग्गा.....***घरजग्गा व्यवसायीहरूका अनुसार पूर्व–पश्चिम राजमार्ग करिडोर, औद्योगिक विस्तार, नयाँ आवासीय बस्ती, व्यापारिक केन्द्रको विकास तथा भारतसँगको सीमावर्ती व्यापारिक गतिविधिले झापा, मोरङ र सुनसरीको घरजग्गा बजारलाई चलायमान बनाइरहेको छ । विराटनगर–इटहरी करिडोर, बिर्तामोड–दमक क्षेत्र र भद्रपुर आसपासमा आवासीय तथा व्यावसायिक प्रयोजनका लागि जग्गाको माग अझै उच्च रहेको उनीहरू बताउँछन् ।

राष्ट्र बैंकले भने घरजग्गा बजारमा देखिएको पछिल्लो सुधारलाई लगानीकर्ता र सर्वसाधारणको विश्वास पुनः फर्किन थालेको संकेतका रूपमा व्याख्या गरेको छ । व्यवसायीहरू पनि बजार पुरानै गतिमा फर्किन अझै समय लाग्ने भए पनि पछिल्ला महिनाको कारोबारले सकारात्मक सन्देश दिएको बताउँछन् ।

***लिम्बू...***गतेदेखि लिम्बू भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयनमा ल्याइसकेको छ । गाउँपालिका अध्यक्ष हेमन्त राईले प्रस्तुत गरेको प्रस्ताव गाउँसभाबाट सर्वसम्मत रूपमा पारित भएको थियो ।

***हिमावि....***लक्षित गरी सञ्चालन गरिएको शिविरले विद्यार्थीको स्वास्थ्य संरक्षणमा महत्वपूर्ण योगदान पुगेको बताए । उनले विद्यालयमा अध्ययनरत ठूलो संख्याका विद्यार्थीले विशेषज्ञ चिकित्सकबाट निःशुल्क सेवा पाउनु सकारात्मक उपलब्धि भएको उल्लेख गर्दै सहयोगका लागि ओम शान्ति डेन्टलप्रति आभार व्यक्त गरे ।

समापन कार्यक्रममा सहभागी चिकित्सकहरूले दाँत तथा मुखको स्वास्थ्यका बारेमा सचेतनामूलक जानकारी दिँदै नियमित ब्रस गर्ने, स्वस्थ खानपान अपनाउने तथा समय-समयमा दन्त परीक्षण गराउने बानी विकास गर्न विद्यार्थीलाई सुझाव दिएका थिए ।

कार्यक्रममा विद्यालयका शिक्षक, स्काउटका पदाधिकारी, स्वास्थ्यकर्मी, अभिभावक तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो । विद्यालयका अनुसार शिविरले विद्यार्थीमा मुखस्वास्थ्यप्रति सचेतना बढाउनुका साथै आवश्यक उपचारको पहुँच विस्तार गर्न सहयोग पुगेको बताइएको छ । विद्यालयको शिविर सञ्चालनमा सहयोग पुऱ्याएको भन्दै स्वास्थ्यकर्मीहरू टंक न्यौपाने, कास्मि श्रेष्ठ, सायरा ढकाललाई सम्मान गरिएको प्रधानाध्यापक श्रेष्ठले जानकारी दिए ।

# गौरादहमा प्रथम महिला फुटबल प्रतियोगिता हुने

**गौरादह/** झापाको गौरादहमा पहिलो पटक महिला फुटबल प्रतियोगिता आयोजना हुने भएको छ । स्पर्श सामाजिक क्लबले मंगलबार पत्रकार सम्मेलन गर्दै 'प्रथम गौरादह महिला फुटबल प्रतियोगिता-२०८३' को आधिकारिक पोस्टर सार्वजनिक गर्दै प्रतियोगिताको मिति, पुरस्कार र उद्देश्यबारे जानकारी दिएको हो । आयोजकका अनुसार प्रतियोगिता भदौ १९ गतेदेखि गौरादह-१ स्थित जनता माध्यमिक विद्यालयको खेल मैदानमा सञ्चालन हुनेछ । महिला फुटबलको प्रवर्द्धन, महिला खेलाडीलाई प्रोत्साहन तथा खेलकुदमार्फत लागूऔषध दुर्व्यसनमुक्त समाज निर्माण गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको क्लबले जनाएको छ ।

खेल संयोजक युवराज खडकाका अनुसार प्रतियोगिताको विजेता टोलीले नगद १ लाख ११ हजार १११ रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । उपविजेताले ५५ हजार ५५५ रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछन् ।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई पनि विभिन्न व्यक्तिगत विधामा सम्मान गरिनेछ । प्लेयर अफ द म्याच, प्लेयर अफ द टुर्नामेन्ट, उत्कृष्ट डिफेन्डर, गोलकिपर, मिडफिल्डर, स्ट्राइकर तथा सर्वाधिक गोलकर्तालाई विशेष पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । क्लबका अध्यक्ष उज्ज्वल दाहालले प्रतियोगितालाई गौरादहकै ऐतिहासिक महिला खेलकुद महोत्सवका रूपमा सफल बनाउन स्थानीयवासी, खेलप्रेमी, उद्योगी–व्यवसायी, विभिन्न संघसंस्था, प्रायोजक तथा सञ्चारमाध्यमसँग सहयोग र सहभागिताको अपिल गरे । उनले प्रतियोगिताले महिला फुटबलको विकाससँगै गौरादहलाई खेलकुद गतिविधिको केन्द्रका रूपमा स्थापित गर्न र सामाजिक एकता तथा खेल पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

# कोशी प्रदेशसभाबाट खेलकुद बिधेयक पारित

**दमक/** कोशी प्रदेशसभाले प्रदेश खेलकुद ऐन पहिलो संशोधन अध्यादेश- २०८३ लाई प्रतिस्थापन गर्न बनेको बिधेयकक पारित गरेको छ ।

प्रदेशसभाको मंगललबार बसेको बैठकले अध्यादेश प्रतिस्थापन बिधेयक पारित गरेको हो । सदस्यसचिव, दुई उपाध्यक्ष र १३ सदस्यसहितको खेलकुद बोर्ड गठन गर्ने व्यवस्था रहेको बिधेयक प्रदेशसभाबाट पारित भएको हो ।

सरकारले भागबण्डाको आधारमा पदाधिकारी नियुक्त गर्न बजेट अधिवेशन सुरू हुनु अगाडि गत बैशाख २८ गते अध्यादेश जारी गरेको थियो । बालेन शाह नेतृत्वको संघीय सरकारले संसद्को अधिवेशन रोकेर अध्यादेश जारी गर्दा सार्वजनिक रूपमा विरोध गरेका कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकारले अध्यादेश जारी गरेको भन्दै विरोध भएको थियो । प्रदेश खेलकुद बोर्डको सदस्यसचिव गत कात्तिकदेखि रिक्त रहेको थियो ।रिक्त स्थानमा नयाँ सदस्यसचिवसहित भागबण्डाको आधारमा २ उपाध्यक्ष र सदस्यहरू नियुक्त गर्न अध्यादेश जारी गरिएको थियो । यसअघिको ऐनमा सदस्यसचिव, उपाध्यक्ष र ९ सदस्य मात्र बोर्डमा रहने व्यवस्था थियो । अध्यादेश जारी भएपछि सत्तामा रहेका दल नेकपका एमाले र नेपाली काँग्रेसको भागबण्डाको आधारमा बोर्डका पदाधिकारी नियुक्त भइसकेका छन् ।

***सिडिओसमेत...***गृहमन्त्री गुरूङ भन्सार कार्यालयको अनुगमनमा पुगेका थिए । सोही क्रममा स्थानीय एक महिलाले गृहमन्त्रीको अगाडि उभिएर सुरक्षाकर्मी र तस्करबीचको साँठगाँठको पोल खोलिदिइन् । उनले नेपाल प्रहरी र सशस्त्र प्रहरीकै मिलेमतोमा भारतबाट अवैध सामान निर्बाध रूपमा भित्रिरहेको र यसका लागि ठूलो सेटिङ मिलाइएको दाबी गरिन् । उनले गृहमन्त्रीलाई भनिन्, 'रात परेपछि काँकडभिट्टाका विभिन्न नाकाबाट तस्करीका सामान भित्रिन्छन् । यहाँ कसको लाइन चल्ने र कसले कति असुली गर्ने भन्ने कुरा पहिले नै तय हुन्छ । यो लाइन चलाउने प्रथा अब बन्द हुनुपर्छ ।'

उनको कुरा नसकिँदै गृहमन्त्री गुरूङ भने भन्सार कार्यालयतिर छिरेका थिए । महिलाबाट प्राप्त सूचना र प्रमाणका आधारमा गृहमन्त्रीले तत्कालै एक्सन लिँदै इलाका प्रहरी कार्यालय काँकडभिट्टाका डीएसपी निशेष चापागाईंको मोबाइल फोन नियन्त्रणमा लिएका थिए । उक्त मोबाइल फोनलाई तस्करीमा संलग्न गिरोहसँगको कुराकानी र सन्देश जाँच गर्नका लागि नेपाल प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशाला (फरेन्सिक ल्याब)मा पठाइएको सुरक्षा स्रोतले बताएको छ । छानबिनको दायरामा रहेकाहरूमा सशस्त्र प्रहरीको पकलीस्थित पूर्वक्षेत्रीय अस्पतालमा कार्यरत सई गणेश खड्का, झापास्थित ३८ नम्बर रिजर्भ गणका हवल्दार हरि मगर र सुनसरीस्थित ४ नम्बर गणका जवान पारस यादव रहेका छन् । सई खड्काले कोशी प्रदेशका सशस्त्र प्रहरी प्रमुख डीआईजी मनिष थापाको नजिकको मान्छे भएको दाबी गर्दै तस्करीमा संलग्न गिरोहसँग मासिक रकम असुली गर्ने गरेको उजुरी परेको थियो । गृहमन्त्रीको झापा भ्रमणपछि सशस्त्र प्रहरीका वरिष्ठ हवल्दार श्याम चौधरी र सहायक हवल्दार नारायण खनाललाई पनि मुख्यालय बोलाइएको छ । जिल्ला प्रहरी कार्यालय झापाकी एसपी बसुन्धरा खड्काले पनि अनुगमनका क्रममा आएका गुनासोलाई गम्भीर रूपमा लिएर आन्तरिक छानबिन शुरु गरिएको जानकारी दिइन् । गृहमन्त्री गुरूङ भने मंगलबार नै काठमाडौं फर्किएका छन् ।

***नेपाल......***नेपालको सफलतामा एडीबीको सहयोग निरन्तर रहने उल्लेख गरे ।

प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपाद्वारा दाहालका अनुसार करिब आधा घण्टा चलेको भेटमा नेपाल सरकार र एडीबीबीचको करिब छ दशक लामो विकास साझेदारीलाई अझ प्रभावकारी बनाउने विषयमा पनि सकारात्मक छलफल भएको थियो ।

***हेटौडामा....*** उठेका प्रश्नको जवाफ दिँदै उनले सातवटा रुग्ण सरकारी उद्योगको सम्पत्ति तथा दायित्व मूल्यांकन अघि बढिरहेको जानकारी दिइन् ।

"हेटौंडा कपडा उद्योगलाई आयात प्रतिस्थापन, आत्मनिर्भरता विकास र रोजगारी सृजना गर्ने तथा अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउने माध्यमका रूपमा विकास गर्नेगरी सञ्चालन गर्न खोजेका छौं", उनले भनिन् ।

***झापामा......***सतर्कता अपनाउन स्वास्थ्य कार्यालयले आग्रह गरेको छ। दमकमा दुई सय १६ जनामा डेंगु संक्रमण देखिँदा बिर्तामोडमा १८० जना, भद्रपुरमा ७०, हल्दीबारीमा २८, मेचीनगरमा २२, बुद्धशान्तिमा १८, कनकाईमा १६, अर्जुनधारामा ११, गौरादहमा तीन, बाह्रदशीमा सात जनामा संक्रमण देखा परिसकेको छ। केही स्थानीय तहका स्वास्थ्य कार्यालयबाट तथ्यांक अपडेट हुन बाँकी रहेकाले यो संख्या बढ्न सक्ने जिल्ला स्वास्थ्य कार्यालय झापाका डेंगु रोग 'फोकल पर्सन' युवनाथ बरालले बताए ।

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल
**कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **मुद्रण**: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com